# श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
# राजदरबारको
## विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट २०३६ साल जेष्ठ १० गते विहीबार राष्ट्रका नाममा बक्सेको शाही घोषणामा देशवासीहरूले के कस्तो परिवर्तनको चाहना गरेका छन् सो कुरा स्पष्ट रूपमा बुझी उचित कदम चाल्नको लागि नेपाल अधिराज्यभर वालिग मताधिकारको आधारमा सम्पूर्ण नेपालीको गोप्य जनमत लिने र सो कामको निम्ति एक हप्ताभित्र एक राष्ट्रिय चुनाव आयोगको गठन गरिबक्सने घोषणा भए अनुसार मौसूफबाट आयोगलाई देहायको कार्य तोकिबक्सी श्री भगवतीप्रसाद सिंहको अध्यक्षतामा देहायबमोजिमको राष्ट्रिय चुनाव आयोग गठन गरिबक्सेको छः–

### गठनविधि

| | |
|---|---|
| १. श्री भगवतीप्रसाद सिंह– | अध्यक्ष |
| २. श्री रत्नबहादुर विष्ट– | सदस्य |
| ३. श्री छेत्रविक्रम राणा– | सदस्य |
| ४. श्री गोविन्दप्रसाद उपाध्याय– | सदस्य |
| ५. श्री कृष्णप्रसाद घिमिरे– | सदस्य |
| ६. श्री त्रिलोकप्रताप राणा– | सदस्य |
| ७. श्री झपटसिंह रावल– | सदस्य |
| ८. श्री जयदेव भट्ट– | सदस्य |
| ९. श्री परीक्षितनरसिंह राणा– | सदस्य |
| १०. श्री छिरिङ्गतेन्जी लामा– | सदस्य |
| ११. श्री ज्याउल हक– | सदस्य |
| १२. श्री चन्द्रजंग थापा– | सदस्य |
| १३. श्री केवल चौधरी– | सदस्य |
| १४. श्री गोविन्दबहादुर मल्ल– | सदस्य |
| १५. श्री अमरबहादुर गुरुङ– | सदस्य |

९४०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आयोगको कार्यः (१) आयोगले आफ्ना सदस्यहरुलाई आवश्यकता अनुसार विभिन्न क्षेत्र र अञ्चलको काम गराउनेछ ।

(२) आयोगले आफ्नो कार्य संचालनका निमित्त आवश्यक नियमहरू छिट्टै बनाई मौसूफका हजूरमा जाहेर गर्नु पर्नेछ ।

साथै, मौसूफबाट आयोगलाई उपर्युक्त जनमत लिने काममा सम्पूर्ण रूपमा स्वतन्त्र, निष्पक्ष र धाँधली हुन नपाउने आवश्यक व्यवस्था यो आयोगले मिलाउने र सो काममा सबै क्षेत्रबाट समेत सहयोग प्राप्त हुने नै छ भन्ने आशा समेत व्यक्त गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार

१४८

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।